**बैठक संख्याः २०८२/८३-१२**

आज मिति २०८३ बैशाख ११ गते शुक्रबारका दिन बेलुकी ५ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार वली प्रशासन शाखा प्रमुख

**सिस्ने गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Google plus –JJ8H+R22 RUKUMKOT**
**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. २०८२।८३

**मिति २०८३/०१/११ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२.विविध कार्यविधि स्वीकृत सम्बन्धमा ।

- विज्ञापन कर (व्यवस्थापन तथा नियमन) कार्यविधि, २०८३"
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०८३
- उत्कृषट कर्मचारी छनौट कार्यविधि २०८३
- उत्कृष्ट प्र.अ.,शिक्षक, कर्मचारी छनौट कार्यविधि २०८३

३.विभिन्न मापदण्ड तथा प्रतिबेदन निर्माण सम्बन्धमा ।

- आन्तरिक नियन्त्रण प्रणाली निर्माण
- मध्यम कालिन खर्च संरचना (MTEF) निर्माण
- सेवा प्रवाह मापदण्ड (Standard Operating Procedure) निर्माण
- विद्यालय स्तरिकरण मापदण्ड निर्माण

४.निर्माण सम्पन्न योजनाको फरफारक सम्बन्धमा ।

५.बस्ती स्तरबाट योजना छनौट तथा प्राथमिकरण सम्बन्धमा ।

६.ऐतिहासिक सम्पदा निर्माण तथा संरक्षण शिर्षकको बजेट बाँडफाड सम्बन्धमा ।

७.LISP को बचत बजेट बाँडफाँड सम्बन्धमा ।

८.लघु उद्यम विकास कार्यक्रम लागि वडा छनौट सम्बन्धमा ।

९.आव २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता सम्बन्धमा ।

१०. बहु क्षेत्रिय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा ।

११. करार कर्मचरी भर्ना सम्बन्धमा ।

१२. अनुगमन समितिको प्रतिबेदन छलफल सम्बन्धमा ।

१३. नाम नामेसी नखुलेको धरौटी सदर स्याहा गर्ने ।

१४. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/१२/१८ गते बसेको गाउँ कार्यपालिकाको बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ कार्यविधि/प्रतिबेदन स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको देहायका कार्यविधि/प्रतिबेदन तयारीका लागि सैदान्तिक सहमति दिने निर्णय गरियो।

- विज्ञापन कर (व्यवस्थापन तथा नियमन) कार्यविधि, २०८३"
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०८३
- उत्कृषट कर्मचारी छनौट कार्यविधि २०८३
- उत्कृष्ट प्र.अ.,शिक्षक, कर्मचारी छनौट कार्यविधि २०८३

**प्रस्ताव नं ३ कार्यविधि/प्रतिबेदन स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिस्ने गाउँपालिकाको देहायका मापदण्ड/प्रतिबेदन तयारीका लागि सैदान्तिक सहमति दिने निर्णय गरियो।

- आन्तरिक नियन्त्रण प्रणाली निर्माण
- मध्यम कालिन खर्च संरचना (MTEF) निर्माण
- सेवा प्रवाह मापदण्ड (Standard Operating Procedure) निर्माण
- विद्यालय स्तरिकरण मापदण्ड निर्माण

**प्रस्ताव नं ४ निर्माण सम्पन्न योजनाको फरफारक सम्बन्धमा ।**

सिस्ने गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार विनियोजन भइ हाल सम्म निर्माण सम्पन्न भएका योजनाहरु पेश भए बमोजिम ७० वटा योजनाको फरफारक गर्न निर्णय गरियो ।

**प्रस्ताव नं ५ बस्ती स्तरबाट योजना छनौट तथा प्राथमिकरण सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिस्ने गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को लागि संघिय सरकार तथा प्रदेश सरकारबाट वितिय हस्ताणतरण अन्तरगत प्राप्त हुने अनुदान रकमको शिलिङ आइसकेकोले वडा कार्यालय मार्फत विभिन्न वस्ती स्तर भेला गरि वडा प्राथमिकरण भरी गाउँपालिकामा पेश गर्न कार्यदिश दिने निर्णय गरियो ।

**प्रस्ताव नं ६ ऐतिहासिक सम्पदा निर्माण तथा संरक्षण शिर्षकको बजेट बाँडफाड सम्बन्धमा ।**

**निर्णय नं ६:**

चालु आव २०८२/८३ को बजेट तथा कार्यक्रममा ऐतिहासिक सम्पदा निर्माण तथा संरक्षण शिर्षकमा विनियोजन भएको बजेटलाई देहाय बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

- नाखेधारी पुलको चोक देखि सिढि निर्माण वडा नं १ — रु २,५०,०००/-
- सानो डिग्रे साइकुमारी देखि गाउँ सम्म स्लाब निर्माण वडा नं ८ — रु २,५०,०००/-
- पाल्तो फाल्ने देखि दुरसंचार सम्मा बाटो निर्माण वडा नं ६ — रु २,५०,०००/-
- बागेधारा मन्दिर परिसर निर्माण वडा नं ३ — रु २,५०,०००/-

**प्रस्ताव नं ७ LISP कार्यक्रम अन्तर्गत बचत भएको बजेट कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिस्ने गाउँपालिकामा चालु आर्थिक वर्ष २०८२।८३ मा स्थानीय पुर्बाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत विनियोजित योजनाहरुको ठेक्का प्रकृयामा हाल सम्म रु ३५ लाख रकम बचत हुन गएकोले देहायको योजनामा विनियोजन गरी पुन: ठेक्का प्रकृयामा लैजाने निणय गरियो ।

| सि नं | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १ | धाउने-अमलाचौर-तितेखोला सडक स्तरोन्नति | १० लाख |
| २ | चोकबजार-बस्नेत टोल-कार्की टोल-रुलीखोला सडक | १० लाख |
| ३ | नेपालबैक चोक देखि दुरसंचार सम्म सडक स्तरोन्नति | १० लाख |
| ४ | विभिन्न LISP सडक भैपरी निर्माण तथा मर्मत | ५ लाख |

**प्रस्ताव नं ८ लघु उद्दम विकास कार्यक्रमका लागी वडा छनौट सम्बन्धमा ।**

**निर्णय नं ८:**

चालु आ.व. २०८२/८३ को शशर्त बजेट तथा कार्यक्रम अनुसार लघु उद्धम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्धमी सिर्जना तर्फ वडा नं १ र स्तरोन्नति तर्फ वडा नं २ छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ आव २०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता सम्बन्धमा ।**

**निर्णय नं ९:**

प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संसोधन २०८१) को दफा ४.१.५ बमोजिम आ.व. २०८१/०८२ मा स्थापना भएको पकेट (डाडा टोल) र लक्षित वर्ग (प्रगतिशिल कृषक समुह) लाइ पकेट विकास कार्यक्रममा निरन्तर्ता दिदै कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १० वहुक्षत्रीय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं १०:**

वहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धी आर्थिक वर्ष २०८२।०८३ मा तपसिलका आयोजनाहरु छनौट गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१.१:- पोषण सचेतना सम्बन्धी सामाजिक संजाल मार्फत पोषण सप्ताह,स्तनपान सप्ताह.आयोडिन महिना जस्ता दिबशिय कार्यक्रमहरु प्रशारण तथा परामर्श कार्यक्रम संचालन - रु ५०,०००।

१.२:-पोषण प्रोफाईल अध्यावधिक कार्य -रु १०,०००।

१.३:- महिनावारी स्वच्छता, आइरन तथा फोलिक एसिड चक्कीको महत्व सम्बन्धी सुनौला १००० दिनका आमा र किशोरीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन - रु १,५०,०००।

१.४:- पोषण कर्णर स्थापना प्वाङ्ग वडा स्वास्थ्य चौकि मा- रु ९०,०००।

**प्रस्ताव नं ११ कर्मचारी भर्ना सम्बन्धमा ।**

**निर्णय नं ११:**

सिस्ने गाउँपालिका अन्तर्गत देहायका पदहरु रिक्त भइ दैनिक सेवा प्रवाहमा समस्या भएकोले खुल्ला प्रतिस्पर्धा द्धारा कर्मचारी भर्ना प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| सि.नं | पद | संख्या | शर्त तथा सुविधा | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| १. | अ.न.मी. | २ | मासिक रु २०,०००/- | सामुदायिक स्वास्थ्य इकाइ लम्पाकोट-१ सामुदायिक स्वास्थ्य इकाइ दादिङ-१ |
| २. | अ.हे.ब. | १ | मासिक तलव रु २०,०००/- | सामुदायिक स्वास्थ्य इकाइ पाखापानी |
| ३. | कार्यालय सहयोगी | १ | मासिक रु २००००/- | सामुदायिक स्वास्थ्य इकाइ लम्पाकोट |

## प्रस्ताव नं १२ अनुगमन समितिको प्रतिबेदन पेश सम्बन्धमा ।

**निर्णय नं १२:**

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार संचालन भएका योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपेरीवेक्षण सम्बन्धि गतिविधि समेटिएको प्रतिबेदन उपाध्यक्ष श्री गोपाल रेउलेबाट पेश भइ व्यापक छलफल गरी पारित गरियो ।

## प्रस्ताव नं ८ नाम नामेसी नखुलेको धरौटी सदर स्याहा गर्ने ।

**निर्णय नं ८:**

सिस्ने गाउँपालिको आ.व २०७५।७६ देखि आ.व २०८१।०८२ सम्म गाउँपालिको धरौटि खातामा रहेको नामनामेसी फाँटवारी नखुलेको रु. ३५,८३,६८७.०० रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६७ र ८७ तथा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुम पूर्वको पत्र बमोजिम उक्त रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरि धरौटी सदरस्याहा गर्ने र उक्त सदरस्याहा गरेको रकम कुनै व्यक्ति वा फम फिर्ता दावी गर्न आएमा आवश्यक प्रक्रिया पुरा गरि आर्को आ.व मा बजेट व्यवस्था गरि फिर्ता दिने गरी व्यवस्था मिलाउने निर्णय पारित गरियो ।